नेपाल सरकार

अर्थ मन्त्रालय

सिंहदरवार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-
च. नं.:-

प्रेस विज्ञप्ति

एशियाली विकास बैंकसँग अनुदान सम्झौता सम्पन्न

नेपाल सरकार र एशियाली विकास बैंक (ADB) बीच भोटेकोशी बाढीपछि राहत तथा पुनर्स्थापनाका लागि ADB को Asia Pacific Disaster Relief Fund (APDRF) अन्तर्गत ५ मिलियन अमेरिकी डलरको अनुदान सम्झौतामा आज हस्ताक्षर सम्पन्न भएको छ। सो बैंकले २८ अगस्ट २०२६ मा स्वीकृत गरेको यो अनुदान प्रमुख प्राकृतिक विपद्बाट प्रभावित विकासशील सदस्य राष्ट्रहरूलाई शीघ्र सहायता उपलब्ध गराउने विशेष वित्तीय सुविधा हो।

उक्त सम्झौतामा अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध महाशाखाका सहसचिव तथा प्रमुख श्री अमृत लम्साल र नेपालका लागि ADB का देशीय निर्देशक श्री आनो कुश्वाले आज हस्ताक्षर गर्नुभएको हो।

उक्त अनुदान उद्धार कार्य तथा बाढी प्रभावित क्षेत्रमा राहत र पुनर्स्थापनाका लागि परिचालन गरिनेछ। यसबाट औषधि, खाद्यान्न, सुरक्षित खानेपानी, अस्थायी आश्रय, सरसफाइ तथा स्वच्छताका सामग्री, भग्नावशेष हटाउने कार्यमा सहयोग उपलब्ध हुनेछ।

सहसचिव श्री अमृत लम्सालले राष्ट्रिय विपतिको यस कठिन समयमा ADB बाट प्राप्त तत्काल सहयोगप्रति नेपाल सरकारका तर्फबाट हार्दिक आभार व्यक्त गर्नुभयो। उहाँले प्रभावित समुदायका आवश्यकताहरू सम्बोधन गर्न तथा उद्धार, राहत र पुनर्सापका कार्यमा यस सहयोगले महत्वपूर्ण योगदान पुन्याउने बताउनुभयो। यो अनुदान सहायता राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यस्थापन प्राधिकरण मार्फत परिचालन हुनेछ।

नेपालका लागि ADB का देशीय निर्देशक श्री आनो कुश्वाले विपदबाट प्रभावित परिवार तथा समुदायप्रति गहिरो समवेदना व्यक्त गर्दै यस कठिन समयमा ADB नेपाल सरकार र नेपाली जनताको साथमा रहेको बताउनुभयो।

२०८३।०५।१८

२०८३।०५।१८

अमृत लम्साल
सहसचिव तथा प्रवक्ता

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.वि.वि.य. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००८२७, कानुन तथा फैसला का.म. ४२११८१९, वि.ले.व्य. तथा सं.स.म. ४२११९२३, वि.सं.स.म. ४२११३१६
पचासल नं. ४२११९३७, ४२११३४८ (बजेट म.), ४२११९६६, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेव साईट: www.mof.gov.np